# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पकडी, कपिलवस्तु

(लुम्बिनी प्रदेश, नेपाल)

www.mayadevimunkapilvastu.gov.np
mayadevirm@gmail.com

**सेवा करारमा प्राविधिक कर्मचारी पदपूर्ती सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०९/२१

यस मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कपिलवस्तु वा अन्तर्गत वडाहरुका लागी तपसिलको बिज्ञापनमा उल्लेखित प्राविधिक पदहरुमा सेवा करारमा पद पूर्ती गर्नुपर्ने भएकोले ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा तोकिएको राजस्व तिरेको रसिद सहित यस मायादेवी गा.पा.को कार्यालयमा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको वेवसाईट www.mayadevimun.gov.np वाट डाउनलोड गरी वा यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ । म्याद नाघी दरखास्त प्राप्त हुन आएमा दरखास्त उपर कुनै कारवाही हुनै छैन ।

| वि.नं. | पद | आवश्यक संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | सब-ईन्जिनियर ( सहायकस्तर पाचौ ) | १ | रु. ५००।- | कारार |
| २ | खा.पा.स.टे. (सहायकस्तर चौथो) | १ | रु. ४००।- | कारार |

परिक्षाको किसिमः
अन्तर्वार्ताः
संक्षिप्त सूची ( Shortlist) र संक्षिप्त सूचीमा परेको उमेदवारहरुको मात्र अन्तर्वार्ता गाउँ कार्यपालिकाको कार्यालयले तोकेको मितिमा हुनेछ ।

आवश्यक न्यूनतम शैक्षीक योग्यताः
(१) सब-ईन्जिनियर ( सहायकस्तर पाचौ ) को लागी मान्यता प्राप्त विश्व बिद्यालयवाट सिभिल ईन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उतिर्ण भएको
(२) खा.पा.स.टे. (सहायकस्तर चौथो) पदको लागी मान्यता प्राप्त विश्व विद्यालयवाट सिभिल ईन्जिनियरिङ्ग विषयमा T-SLC/SEE वा सो सरह उतिर्ण भएको ।

दरखास्तमा संलग्न गर्नु पर्नेः
उमेदवारको व्यक्तिगत विवरण आफुले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्र, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानुन बमोजिम काउन्सिल वा परिषद वा अन्यमा दर्ता हुनु पर्ने भएमा सोको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरि प्रमाणित गरेको हुनुपर्ने ।

दरखास्त दिने अन्तिम मितिः
२०७७/ ०९ /२७ गते कार्यलयको समय भित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

उम्मेरदवार छनौटका आधारहरुः
मायादेवी गाउँपालिका करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ बमोजिम हुनेछ ।

करार अवधिः
पहिलोचरणमा ६ महिनाको हुनेछ । काम सम्पादनको आधारमा करार थप गर्न सकेछ।

उमेरः
१८ बर्ष पुरा भएको ।

तलब स्केल र काम गर्नु पर्ने स्थानः
सेवा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

कृष्ण प्रसाद तिमल्सिना
प्रमख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत